आज मिति २०८० साल माघ ०८ गते सोमबारको दिन दिउँसो ४:०० बजे विगु गाउँपालिकाका अध्यक्ष श्री संजिव ओलीको अध्यक्षतामा तपसिल बमोजिमका पदाधिकारीको उपस्थितिमा कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्ताव उपर छलफल गरी देहायानुसार निर्णय गरियो ।

उपस्थिति :

| क्र.स. | नाम थर | पद | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| 1 | संजीव ओली | अध्यक्ष | 9851004295 | |
| 2 | देविका थामी | उपाध्यक्ष | 9844395653 | |
| 3 | मेम वहादुर तमाङ | वडाअध्यक्ष - १ | 9844465149 | |
| 4 | दिपक ठकुरी | वडाअध्यक्ष - २ | 9844306572 | |
| 5 | ढालबहादुर तमाङ | वडाअध्यक्ष - ३ | 9864004147 | |
| 6 | रामचन्द्र खड्का | वडाअध्यक्ष - ४ | 9863637498 | |
| 7 | कालेशेर्पा | वडाअध्यक्ष - ५ | 9844238430 | |
| 8 | टहलबहादुर थामी | वडाअध्यक्ष - ६ | 9854045940 | |
| 9 | दलबहादुर श्रेष्ठ | वडाअध्यक्ष - ७ | 9849180321 | |
| 10 | हिराथामी | वडाअध्यक्ष - ८ | 9866419510 | |
| 11 | गोमा के.सी. | कार्यपालिका सदस्य | 9844196396 | |
| 12 | ज्योतीमाया थामी | कार्यपालिका सदस्य | 9844555899 | ज्योती |
| 13 | छिरिङवाङ्दे शेर्पा | कार्यपालिका सदस्य | 9851053461 | |
| 14 | टलमाइ तमाङ | कार्यपालिका सदस्य | 9866438101 | टलमाइ |
| 15 | मैया नेपाली | कार्यपालिका सदस्य | 9860410065 | |
| 16 | लोकबहादुर नेपाली | कार्यपालिका सदस्य | 9864002654 | |
| 17 | जित बहादुर श्रेष्ठ | प्रमुख प्रशासकिय अधिकृत | | |

मिति २०८०।१०।०८ गतेको विगु गाउँपालिकाको कार्यपालिकाको बैठकको निर्णयहरु :

प्रस्तावहरु :

१. विपन्न नागरिक उपचार खर्च सम्बन्धमा ।
२. घ बर्गको इजाजत सम्बन्धमा ।
३. खेलकुद समिति गठन सम्बन्धमा ।
४. झोलुङ्गे पुल कार्यादेश सम्बन्धमा ।
५. नेपाल स्वयमसेवी रक्तदान समाजलाइ सम्बन्धमा, रु ५०००० दिने सम्बन्धमा ।
६. सडक बोर्डबाट विनियोजित रकम सम्बन्धमा ।
७. विगु गापा वडा न ०६ को स्वास्थ्य भवन निर्माण सम्बन्धमा ।
८. चक्रेश्वरी मन्दिर व्यवस्थापन सम्बन्धमा, वडा न ०५ ।
९. वडा न ०८ को वडा कार्यालय सम्वन्धमा ।
१०. कृषिका लागि गाडी खरिद सम्वन्धमा ।
११. गुन्जाथोक बंगुर तथा पशुपन्छी समूहको नाम परिवर्तन सम्बन्धमा ।
१२. LISA र FRA सम्बन्धमा ।
१३. प्रतिवेदन प्राप्त भएको सम्वन्धमा ।
१४. कार्ययोजना कार्यान्वयन स्थानीय समिति गठन सम्बन्धमा ।
१५. विविध

निर्णयहरु:

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा यस गाउँपालिकाका निम्न बमोजिम व्यक्तिहरुलाई विपन्न नागरिक उपचार अन्तर्गत रु. २५,०००/- (रु. पच्चीस हजार मात्र) प्रतिव्यक्ति उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.सं. | नाम, थर | ठेगाना |
|---|---|---|
| १ | विजय गुरुङ | लामाबगर, विगु-१ |
| २ | लाक्पा शेर्पा | लामाबगर, विगु-१ |
| ३ | भगवती तामाङ | बुलुङ, विगु-३ |
| ४ | डिक बहादुर तामाङ | बुलुङ, विगु-३ |
| ५ | हरी कुमारी कटुवाल | बुलुङ, विगु-३ |
| ६ | उरगेन शेर्पा | चिलंखा, विगु-५ |
| ७ | फुसाङ शेर्पा | चिलंखा, विगु-५ |
| ८ | निमा डोगा शेर्पा | विगु-७ |
| ९ | खडग बहादुर श्रेष्ठ | खोपाचागुँ, विगु-८ |
| १० | पदम बहादुर पाण्डे | खोपाचागुँ, विगु-८ |

२. प्रस्ताव नं. २ उपर छलफल गर्दा निम्न बमोजिमको कम्पनीहरुलाई घ बर्गको इजाजत प्रदान गरिने निर्णय गरियो ।

जित बहादुर श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

| क्र.सं. | कम्पनीको नाम |
|---|---|
| १ | ठिङ्गसाङ्ग कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. |
| २ | अविशेक अन्मोल आर. कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. |

३. प्रस्ताव नं. ३ उपर छलफल गर्दा गाउँपालिका स्तरीय खेलकुद समिति गठन गर्न कार्यविधि तयार गरी सोहि बमोजिम अवश्यक प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

४. गाउँपालिकाको वडा नं. ०८ को मैरे खोला झोलुङ्गे पुल, कोथली खोला झोलुङ्गे पुल सर्भे र हार्चे खोला झोलुङ्गे पुलको सर्भे गरी DPR प्रतिवेदन तयार गर्न श्री दिगो विकासका लागि नागरिक मञ्च (सिविक फोरम) काभ्रेपलान्चोक लाई कार्यदेश प्रदान गर्ने निर्णय गरियो ।

५. नेपाल स्वयमसेवी रक्तदान समाजलाई रेडक्रस कार्यक्रम खर्चबाट रु ५०००० दिने निर्णय गरियो ।

६. नेपाल सरकार सडक बोर्डको च.नं.४६८, मिति २०८०/०८/०१ को पत्रानुसार विनियोजित रु. २५,००,०००/- (अक्षरुपी रु. पच्चीस लाख) र सोही योजनामा विगु गाउँपालिकाले थप गर्ने २० प्रतिशत रकम गरी जम्मा ३०,००,०००/- (अक्षरुपी रु. तिस लाख) रकम सम्बन्धमा यस कार्यपालिकाको मिति २०८०/०८/१८ को निर्णय नं. ३ मा भएको निर्णयमा थप गर्दै उक्त योजनालाई पदेलि- बुजामाने- ओराङ्थाङ् सडक मर्मत योजनामा रु. २०,००,०००/- (अक्षरुपी रु. विस लाख) र बाँकी मनछिङ ढुंगा-यर्सा सडक स्तरोन्नती शिर्षकमा रकम रु. १०,००,०००/- (अक्षरुपी रु. दस लाख) गरि उपभोक्ता समिती मार्फत निर्माण कार्य संचालन गर्ने र सो को लागि विभिन्न सडक स्तरोन्नति शिर्षकबाट आवश्यक २० प्रतिशत रकम खर्च गर्ने निर्णय गरीयो ।

७. विगु गापा वडा न ०६ को स्वास्थ्य भवन निर्माण छलफल गर्दा जग्गाको प्राविधिक अध्ययन गरी प्रतिवेदन पेश गर्न स्वास्थ्य तथा प्राविधिक शाखालाई जिम्मेवारी दिने निर्णय गरियो ।

८. वडा न ०५ को साङ्वा सार्वजनिक शौचालय भवन निर्माण योजनामा यस कार्यालयबाट आ.व. ०८०/८१ विनियोजित रकम रु ७,००,००० मध्येबाट चक्रेश्वरी मन्दिर व्यवस्थापन तथा प्राविधिक ईस्टिमेट अनुसार शौचालय निर्माण गर्ने निर्णय गरियो ।

९. प्रस्ताव नं. १० उपर छलफल गर्दा वडा न ०८ को वडा कार्यालय भवन निर्माणको लागि उपयुक्त स्थल छनौटको लागि GPS प्रविधि समेतको सहयोग लिने निर्णय गरियो ।

१०. प्रस्ताव नं. १० उपर छलफल गर्दा पालिकाको लागि कृषि उपज संकलन वहान खरिद प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

११. प्रस्ताव नं. ११ उपर छलफल गर्दा यस आ.व.को बजेट किताबमा गुन्जाथोक बंगुर पशुपन्छी तथा कृषि फर्म हुनु पर्नेमा अन्यथा भएकोले गुन्जाथोक बंगुर तथा पशुपन्छी समुह बुलुङ भएकोले उक्त कृषि फर्मलाई नै अनुदान प्रदान गर्ने निर्णय गरियो ।

१२. प्रस्ताव नं. १२ उपर छलफल गर्दा आर्थिक वर्ष २०७९/८१ को विगु गाउँपालिकाको संस्थागत क्षमता स्वमूल्यांकनको प्रारम्भिक नतिजा ४१.५ प्रतिशत र स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कनमा नतिजा ५१ प्रतिशत पृष्ठपोषणका लागि पठाइ संस्थागत क्षमता स्वमूल्यांकनको प्रारम्भिक नतिजा ४१.५ प्रतिशत अंक सार्वजनिक गर्नको लागि अनुमोदन गरियो ।

१३. प्रस्ताव नं. १३ उपर छलफल गर्दा यस गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८०/०८/१७ गतेको बैठकको निर्णय नं ५ बमोजिम फार्मेसी सञ्चालनको लागि उपयुक्त भए नभएको अध्ययन प्रतिवेदन प्राप्त भएको र उक्त प्रतिवेदन अध्ययन गरी आवश्यक निर्णय गर्ने निर्णय गरियो ।

१४.प्रस्ताव नं. १४ उपर छलफल गर्दा महिला, शान्ति र सुरक्षा सम्बन्धी संयुक्त राष्ट्रसंघ, सुरक्षा परिषद् प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्यन सम्बन्धी दोस्रो राष्ट्रिय कार्ययोजना (आ.व २०७९/८०-८१/८२) बमोजिम कार्ययोजना कार्यान्वयन स्थानीय समितिमा तपशिल बमोजिम हुने निर्णय गरियो ।

तपशिल

| | |
|---|---|
| श्री संजिव ओली | -संयोजक |
| श्री देविका थामी | -सहसंयोजक |
| श्री लोक बहादुर नेपाली | -सदस्य |
| श्री टहलमाई तमाङ | -सदस्य |
| श्री जित बहादुर श्रेष्ठ | -सदस्य |
| श्री लालीमाया तमाङ | -सदस्य |
| श्री जमुना कार्की | -सदस्य |
| श्री टिकादेवी चुडाल | -सदस्य |
| श्री रमिला ओली | -सदस्य |

१५.प्रस्ताव नं. १५ उपर छलफल गर्दा विगु गाउँपालिका वडा नं १ लामाबगर र तिव्वतको सिमानामा पर्ने लप्चीमा वसोवास गर्ने १३ घर परिवारलाइ प्रति परिवार तपशिल बमोजिम मिति २०८०।०९।२४ गते खाद्यान्न सामग्री वितरण गरिएको र उक्त खाद्यान्न सामग्री खरिद गर्दा लागेको रकम रु २,२६,०००(अक्षरुपी दुई लाख छब्बिस हजार मात्र) कार्यालयवाट भुक्तानी गरिएको हुँदा सो भुक्तानी रकमलाइ अनुमोदन गर्ने निर्णय गरीयो ।

तपशिल :

१.चामल -९० केजी

२.दाल -५ केजी

३.चना -१० केजी

४.मैदा -२५ केजी

५.चिनी -१० केजी

जित बहादुर श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत